# ACHHAM MULTIPLE CAMPUS ALUMNI ASSOCIATION LEGISLATION

# अछाम बहुमुखी क्याम्पस एलुम्नाइ एशोसियसन (AMCAA) विधान

## परिच्छेद- १ प्रारम्भिक

**१. संस्थाको नाम:** यस संस्थाको नामं **अछाम बहुमुखी क्याम्पस एलुम्नाई एशोसियसन (AMCAA)** रहनेछ ।

**(क) संस्थाको कार्यालय रहने ठेगाना: मंगलसेन नगरपालिका ५, मंगलसेन, अछाममा** रहनेछ ।

**(ख) संस्थाको कार्यक्षेत्र:** यस संस्थाको कार्यक्षेत्र अछाम जिल्लाभर रहनेछ र अन्य जिल्लामा शाखा विस्तार वा कार्यक्रम सञ्चालन गर्नलाई संवन्धित स्थानीय अधिकारीको पूर्व स्वीकृत लिनु पर्नेछ ।

**(ग) प्रारम्भ:** यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

**(घ) संस्थाको अस्थित्व:**

१. यो संस्था अविच्छिन्न उत्तराधिकारवाल संगठित गैह्र मुनाफा रहित सामाजिक संस्था हुनेछ ।

२. संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न सक्नेछ ।

३. संस्थाले व्यक्ति सरह आफ्नो नाबोट नालिस उजुर गर्न सक्नेछ र सोही उपर पनि सोही नामवाट नालिस उजुर लाग्नेछ ।

४। संस्थाले आफ्नो हक अधिकारको प्रयोग गर्दा अरुको हक अधिकारको हनन् गर्ने छैन ।

**२. परिभाषा**

परिभाषा नियम या प्रसंगले अर्को अर्थ नलागेमा :

क) विधान भन्नाले **अछाम बहुमुखी क्याम्पस एलुम्नाई एशोसियसन (AMCAA) को विधान**लाई सम्झनु पर्दछ ।

ख) संस्था भन्नाले **अछाम बहुमुखी क्याम्पस एलुम्नाई एशोसियसन (AMCAA)** लाई जनाउँछ ।

ग) समिति भन्नाले यस विभानको दफा १३ वमोजिम गठित कार्य समितिलाई जनाउँछ ।

घ) सभा भन्नाले यस विधान वमोजिम वसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँछ ।

ङ) पदाधिकारी भन्नाले संस्थाका पदाधिकारीलाई सम्झनु पर्दछ ।

च) नियम विनियम भन्नाले यस विधान अन्तर्गत वन्ने नियम विनियमलाई जनाउँछ ।

छ) स्थानीय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।

336

ज) तोकिएको वा तोकिएवमोजिम भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

झ) स्थानीय निकाय भन्नाले गाउँपालिका, नगरपालिका र जि.स.स. लाई जनाउनेछ ।

ञ) आवश्यकता अनुसार थप गर्न सकिने ।

३. संस्थाको छाप र चिन्हः प्रचलित व्यवस्थाका प्रतिकूल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूचि-१ वमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिनेछ ।

## परिच्छेद- २

## संस्थाको उद्देश्य

**४. संस्थाको उद्देश्यः**

यस संस्थाको उद्देश्यहरु देहाय वमोजिम हुनेछः

(क) यो संस्था गैह मुनाफा रहित जर्नाहितकारी सामाजिक संस्था हुनेछ ।

(ख) यो संस्थाले अछाम बहुमुखी क्याम्पस र यसका पूर्व विद्यार्थीहरुविच सम्पर्क गर्ने गर्नेछ ।

(ग) यो संस्थाले अछाम बहुमुखी क्याम्पसको प्रगति, विकास र प्रतिष्ठा वृद्धिमा टेवा पुर्याउने छ ।

(घ) यो संस्थाले क्याम्पससंग समन्वय गरी विभिन्न कार्यक्रमहरु आयोजना गर्नेछ ।

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः**

यस संस्थाको उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ :

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायवाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्न वा भाडामा वा लिजमा लिनेछ र कम्प्यूटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ ।

(घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ ।

(ङ) यो सस्थाले कुनै पनि काम गर्दा क्याम्पस र स्थानीय निकायसंग समन्वय गरी गर्नेछ।

## परिच्छेव-३

## सदस्यता

**६. सदस्यताको वर्गिकरण :**

**(क) साधारण सदस्य:** यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै नेपाली नागरिकले तोकिएको प्रक्रिया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्न व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

**(ख) संस्थापक सदस्य:** यस संस्था दर्ता हुँदाको वखतका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन्। संस्थापक सदस्यहरु साधारण वा सदस्यता लिएर विधान वमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

**(ग) आजीवन सदस्य:** संस्थाको विकासको लागि विशेष सहयोग, योगदान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रक्रिया अन्तर्गत आजीवन सदस्य प्रदान गरिनेछ ।

**(घ) मानार्थ सदस्य:** उपर्युक्त ठहर गरेको विशिष्ट समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ । तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

**७. सदस्यता प्राप्तीको लागि आवश्यक योग्यता :**

यस संस्थाको सदस्यकोलागि देहाय वमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(क) अछाम बहुमुखी क्याम्पसबाट अध्ययान गरेको ।

(ख) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

(ग) मानसिक सन्तुलन नगुमाएको ।

(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारी अभियोगमा संजाय नपाएको ।

(च) कुनै पनि राजनैतिक पार्टीमा संलग्न नभएको ।

(छ) सामाजिक कार्यमा अभिरुची नभएको ।

**८. संस्थाको सदस्य प्राप्त गर्न वा वहाल रहन नसक्ने अवस्था :**

देहायका कुनै व्यक्ति सस्थाको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

(क) अछाम बहुमुखी क्याम्पसवाट अध्ययान नगरेको ।

(ख) गैर नेपाली नागरिक ।

(ग) मगज विग्रेको वा बहुलाएको ।

(घ) दामासाहीमा परेको ।

(ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

(च) कनै प्रकारको चोरी, ठगी किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धन अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको, भ्रष्टाचार गरेको अभियोगमा अदालतवाट कसुरदार ठहरी संजाय पाएको एक वर्ष भित्र ।

(छ) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

(ज) सदस्यता शुल्क बुझाउन बाँकी भएको ।

**९. सदस्यताको समाप्ती :**

१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको बहाल रहने छैन :

(क) यस विधानको दफा ८ वमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

(ख) साधारण सभाको दुई तिहाई सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदवाट हटाउने प्रस्ताव पास गरेमा ।

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।

(घ) संस्थाको काम कारवाही वर्दानयत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

(ङ) यस विधान वमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै कार्य गरेमा ।

(च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

(छ) संस्था विघटन भै न मैं खारेज भएमा ।

२. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अधी संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सवुद पेश गर्ने मौका दिइनेछ ।

**१०. सदस्ता शुल्क र सदस्यता प्रदान गर्ने विधि :**

**१.साधारण सदस्य**

क) साधारण सदस्य प्राप्त गर्न चाहनेले प्रवेश शुल्क वापत रु. ५००/- बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

(ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए वमोजिमको शुल्क बुझाई साधारण सदस्य वा आजिवन सदस्य प्राप्त गर्न सक्नेछ ।

**२. संस्थापक सदस्यः**

(क) यो संस्था दर्ता हुँदाको बखतको तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य रहनेछन् ।

(ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए वमोजिमको शुल्क बुझाई साधारण सदस्य वा आजिवन सदस्य प्राप्त गर्न सक्नेछ ।

**३. आजीवन सदस्य :**

संस्थामा एकमुष्ट रु १,०००/- बुझाई तोकिएको प्रक्रिया अन्तरगत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सकिनेछ ।

**४. मानार्थ सदस्य:**

कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइनेछ ।

५. कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइनेछ ।

६. सबै सदस्यहरुले यस विधान र अन्तरगत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

७. सस्थाले प्रदान गरेको उप दफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा अभिलेख पुस्तिका रहनेछ ।

**परिच्छेद-४**

**साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धि व्यवस्था :**

**११. साधारण सभाको गठन:**

१. यस विधानको दफा ७ वमोजिम प्राप्त गर्ने मानार्थ सदस्यहरु वाहेक अन्य सदस्यहरु संस्थाको साधारण सभाको गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन्, साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

यस संस्थाको साधारण सभा देहाय वमोजिम हुनेछ ।

**(क) वार्षिक साधारण सभा:** वर्षको एक पटक वार्षिक साधारण सभा वस्नेछ ।

**(ख) विशेष साधारण सभा:** संस्थाको कुल सदस्य संख्याको एक चौथाई सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा कार्य समितिले कम्तीमा सात दिन भित्र अनिवार्य रुपमा वोलाउनु पर्नेछ । तर साधारण सभा वा विशेष सभा वसेको ६ महिना भित्र पुन विशेष साधारण सभा वस्न सक्ने छैन ।

३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा स्थापनाको भए आ. व. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र गरिनेछ ।

४. यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई अनिवार्य रुपमा सूचना दिईनेछ ।

५. उप दफा (४) वमोजिम वोलाईएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ वमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको पुनःम्याद दिई साधारण सभा बोलाईनेछ ।

**१२. साधारण सभाको काम कर्तव्य र अधिकार :**

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक वजेट पारित गर्ने ।

(ख) लेखा परिक्षकबाट प्राप्त भएका वार्षिक लेखा परिक्षणप्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखापरिक्षण प्रतिवेदनबाट देखिएका अनियमित वेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने वेरुजु रकमहरु असुल उपर गरी फर्छ्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

(ग) आगामी वर्षको लागि लेखापरिक्षकको निक्ति गर्ने ।

(घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्यांकन गरी समितिलाई आवश्यक निर्देशन दिने ।

(ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान वमोजिमको प्रक्रिया अन्तरगत रही निर्वाचन गर्ने ।

(च) कार्य समितिबाट पेश भएका विधान संशोधन नियम तथा विनियम स्वीकृत गर्ने ।

(छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

(ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

(झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी पारिश्रमिक भत्ता, तथा अन्य सुविधाहरुको आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

**१३. कार्य समितिको गठन :**

१. साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहायबमोजिमको पदाधिकारी रहने सदस्यीय एक कार्य समिति गठन गरिनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ जना |
| उपाध्यक्ष | १ जना |
| महासचिव, र सचिब | १/१ जना |
| कोषाध्यक्ष | १ जना |
| सदस्यहरु | ६ जना |

२. कार्य समिति कार्यकाल : २ वर्षको हुनेछ ।

३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै सदस्यको विवाद आएमा बाँकी अवधिको लागि कार्य समितिका सदस्यहरुले मनोनित कार्य समितिलाई मान्न सकिनेछ । यसरी सो पद निर्वाचित भएको सदस्यको कार्यका पुन सदस्य भएको सो सदस्य वाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ । तर अन्य पदहरुका लागि विधान वमोजिम वाँकी अवधिको निमित्त निर्वाचन प्रत्रियाद्वारा पदपूर्ति गरिनेछ ।

४. कार्य समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले वोलाउनेछ । तर कार्य समितिका पदाधिकारीहरुको जम्मा संख्याको ५१% ले बैठक वोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैठक तुरुन्त वोलाउनु पर्दछ ।

५. कार्य समितिका पदाधिकारीहरुको कुल संख्याको ५१% पदाधिकारीहरु उपस्थिति नभै कार्य समितिको बैठक बस्ने छैन ।

६. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ तर अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्ष पनि अनुपस्थित रहेमा बैठकमा उपस्थित भएका सदस्यहरु मध्य जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्य समितिको बैठकमा वहुमतको निर्णय मान्य हुनेछ ।

८. कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय कितावमा लेखि राखिनेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सबै सदस्यहरुले सही गर्नु पर्नेछ तर निर्णयमा असहमत जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।

९. संस्थाले गर्ने भनेको कार्य सम्पूर्ण समितिको कार्य निर्णयबाट हुनेछ ।

१०. माथिका दफाहरु जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्य सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लखित रुपमा सहमत भएमा त्यस्तो सहमतीलाई निर्णय पुस्तिका संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सक्नेछ । उपरोक्त वमोजिमको सहमतिलाई कार्य समितिको बैठक निर्णय सरह मानिनेछ ।

**१४. कार्यसमितिको काम कर्तव्य र अधिकार**

कार्यसमितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।
२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।
३. संस्थाको हितमा हुन कार्यक्रमहरु सञ्चालन गर्ने ।
४. साधारण सभाति उत्तरदायी रहने ।
५. संस्थाको उद्देश्य प्राप्तका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग प्रयोग गर्ने ।
६. संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने, श्रोत जुटाउने, कार्यन्वयन सुपरिवेक्षण अनुगमन गर्ने ।
७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने ।
८. संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्वन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।
९. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य, अवधिमा उपयुक्त सल्लाहकार व्यक्तिहरुको समितिका अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरीदिने ।
१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

**१५. पद त्याग गर्न सक्ने:**

अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र अन्यपदाधिकारीहरुले अध्यक्षलाई राजिनामा दिइ पद त्याग गर्न सक्नेछन् ।

**१६. अन्य समितिहरु :**

यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समितिहरु गठन गर्न सक्नेछन् तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ । उप-समितिहरुको कार्यहरु कार्यसमितिले तोकि दिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## पदाधिकारीकोहरुको काम, कर्तव्य र अधिकार

**१७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

**अध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने बैठक सञ्चालन गर्ने।

(ख) निर्णायक मत दिने ।

(ग) संस्थाको नेतृत्व लिने ।

(घ) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

(ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाई कामको बाँडफाँड गर्ने।

(च) अभिलेख प्रमाणित गर्ने ।

**उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) उपाध्यक्षको काम, कर्तव्य र अधिकार

(ख) अध्यक्षलाई सहयोग गर्ने।

(ग) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

(घ) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने।

(ङ) अन्य तोकिएको कार्य गर्ने।

**सचिवको काम, कर्तव्य र अधिकार**

(क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने ।

(ख) अध्यक्षको निर्देशन अनुसार बैठकर सभा बोलाउने ।

(ग) अभिलेख सुरक्षित राख्ने ।

(घ) अध्यक्षले दिएको अन्य जिम्मेवारीपूर्ण रूपले पालना गर्ने ।

(ङ) अध्यक्षको सहमतिमा प्रस्ताव तयार गरी कार्यपत्र पेश गर्ने ।

(च) विभिन्न क्षेत्रवाट आएका प्रतिक्रिया, सिफारिश, निर्णयहरु समितिमा पेश गर्ने ।

**कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) संस्थाको कोषकोरेखदेख र सञ्चालन गर्ने।

(ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

(ग) लेखा दुरुस्त राख्ने ।

(घ) नियमितरुपमा वार्षिक लेखापरिक्षण गराउने ।

(ङ) संस्थाको आवश्यक ठानेको ठाउँमा समितिको बैठकले तोकेको खर्च अध्यक्षको आदेशमा निकासा गर्ने र अध्यक्षको आदेश विना रकम निकाशा गर्न नपाउने ।

(च) जिन्सी सामान तथा भौतिक संरचनाको रेखदेख गर्ने ।

**सह-सचिवको काम, कर्तव्य र अधिकार**

(क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने ।

(ख) सचिवको निर्देशन अनुसार काम गर्ने ।

(ग) अभिलेख सुरक्षित राख्ने ।

(घ) सचिवको अनुपस्थितीमा काम गर्ने ।

**सदस्यको काम, कर्तव्य र अधिकार**

(क) समितिको वैठकमा सक्रिय भूमिका निर्वाह गर्ने।

(ख) संस्थाका कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने ।

**१८. गणपूरक संख्या :**

१. कूल सदस्य संख्याको ६०% साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुनेछैन ।

२. तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम पुन बोलाइएको साधारण सभामा कूल सदस्यको संख्याको ५१% उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन।

## परिच्छेद-६

## आर्थिक व्यवस्था

**१९. संस्थाको कोष :**

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन्।

(क ) सदस्यता वापत प्राप्त प्रवेशशुल्क र सदस्यता शुल्कको रकम ।

(ख) कसैले इच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

(ग) संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको विक्रीवाट प्राप्त रकम ।

(घ) विदेशी संस्था व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम ।

(ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वासहयोग वापत प्राप्त रकम ।

२. संस्थाको उद्देश्य अनुरुप आयोजना गरिएको समारोह, कार्यक्रम आदिबाट प्राप्त रकम। विदेशी संघसंस्था वा व्यक्तिवाट आर्थिक सहयोग तथा अनुदान लिनु पर्ने भएमा समाज कल्याण ऐन २०४९ दफा १६ वमोजिम समाज कल्याण परिषदको पूर्व स्वीकृति लिनु पर्नेछ ।

३. संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिनेछ ।

**२०. खाता सन्चालन:**

संस्थाको बैंक खाता अध्यक्ष वा सचिव र कोषाध्यक्ष (अनिवार्य) को संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ । प्रलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

**२१. कोषको रकम खर्च गर्ने तरिका :**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय वमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

(क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

(ग) कोषबाट खर्च भएमा रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गनु पर्नेछ ।

345

(घ) कोषको रकम खर्च गर्दा तोकिए वमोजिम खर्च गर्ने पर्नेछ ।

**२२. संस्थाको लेखा र लेखा परिक्षण :**

१. संस्थाको आय-व्ययको लेखा पचलितकानून वमोजिम स्पष्ट तवरले राखिनेछ ।

२. संस्थाको लेखापरिक्षण प्रचलित कानून वमोजिम रजिष्टर्ड लेखापरिक्षकबाट हुनेछ ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाव किताव जाँच्न वा जचाउन सक्नेछ । लेखापरिक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ तर प्रथम वार्षिक सभा नभए सम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

## परिच्छेद-७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

**२३. निर्वाचन सम्बन्धि व्यवस्था :**

(क) कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढिमा ११ जनाको एक निर्वाचन समिति कार्यसमितिको सहमतिद्वारा गठन गरिनेछ ।

(ख) निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

(ग) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुंगो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(घ) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

**२४. उमेदवार हुने योग्यता :**

कार्य समितिको उमेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(क) साधारण सदस्यता प्राप्त गरेको

(ख) नेपाली ना.प्र. पत्रको प्रमाण पत्र प्राप्त गरेको ।

(ग) कम्तीमा २२ वर्ष उमेर पुगेको ।

(घ) मानसिक सन्तुलन नगुमाएको ।

(ङ) प्रचलित ऐन कानूनले दोषि नठम्याएको ।

(च) संस्थाको उद्देश्य प्रति वफादार भएको।

**२५. अविश्वासको प्रस्ताव :**

१. विश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाइ देहाय वमोजिमको रित पुर्याई संस्थामा दर्ता गर्नु पर्नेछ :

१. नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

२. प्रस्तावको विषय स्पष्ट व्यवहारिक हुनु पर्छ ।

३ साधारण सभा सदस्यहरु मध्यबाट कम्तीमा १/४ (एक चौथाई। मदयहरुको प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

४. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्ताव स्पष्ट विषय खुलाई साधारणसभा बा विशेष साधारण सभा बस्ने स्थान, मिति समय समेत तोकि संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा (११) वमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिईनेछ ।

**अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया :**

१. साधारण सभामा अध्यक्षता गर्ने ब्यक्तिले साधारण सभामा उपदफा १ वमोजिम प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउन पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

२. उप-दफा ३ (ख) वमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्ना भनाईहरु राख्न अनुमति दिइने छ ।

**अविश्वासको प्रस्ताव माथि निर्णय :**

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने काम समाप्त भएपछि अध्यक्षता गर्ने ब्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय वमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको घोषणा निर्णय कोगर्नछ ।

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने अर्को समूह छुट्टाएर वा साधारण सभाको सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्ष्मा गोप्य मतदान गराएर ।

(ख) साधारण सभाको कुल सदस्य संख्याको (२/३ दुई तिहाई बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन ।

(ग) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएमा ६ महिना नपुगी त्यस्तो व्यक्तिउपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन ।

**२६. विधान संशोधन :**

कुल सदस्य संख्यको २/३ दुई तिहाई साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष शिफारिस गरि पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

**२७. नियम बनाउन सक्ने :**

१. संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

२. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वियनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्छ। त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ।

**२८. कर्मचारीको ब्यवस्था :**

(क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सन्चालनको लागि कर्मचारी दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए वमोजिम हुनेछ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन गर्ने कार्यन्वयन विदेशी वा सल्लाहकार स्वयंसेवक राख्ने अवस्थामा भएमा नेपाल सरकारको पूर्व स्वीकृत लिइ निजले' काम गर्ने अवधि पुन्याउने सेवा कामको औचित्य सुविधा सम्वन्धमा स्थानीय अधिकारी जिल्ला विकास समिति र समाज कल्याण परिषद्मा समेत जानकारी गराईन्छ।

**२९. संस्था खारेज :**

साधारण सभाले अनावश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजी गर्न सक्नेछ।

१. उपदफा १ बमोजिमसंस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामको लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब गर्नको लागि एक वा एक भन्दा बढी लेखा परिक्षहरुनियुक्ति गर्न सक्नेछ। तर संस्थाको नाउँको अचल सम्पत्ती विक्री गर्दा विक्री गर्नु पूर्व स्थानीयारीको अधिक स्वीकृति लिनु पर्नेछ।

२. उपदफा २ बमोजिम लिक्विडेटर र लेखा परिक्षहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ। यसरी कारणवश संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ।

**३०. व्याख्या :**

यो विधान र विधान अन्तंगत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ।

**३१. ऐन अनुसार हुने :**

यस विधानमा उल्लेख नभएका कुराहरु कानून वमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानूनसंग वाझिएको खण्डमा स्वत: निष्कृय हुनेछ।

**३२. निर्देशनको पालना :**

१. नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ।

२. संस्थाको कुनै क्रियाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र, अन्तराष्ट्रिय संघ संगठ सम्बन्धमा प्रतिकूल असर पार्ने वा नेपालको परराष्ट्र नीतिकोलाप हुनर्वाख जाने वा नेपालको अखण्डता सार्वभौमसत्ता स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलवल पुग्ने कुनै काम कुरा गर्ने छैन

**३३. तदर्थ समिति :**

१. यो संस्था स्थापना गरी दत्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समिति गठनयांगरि कार्य समितिको निर्वाचन गराउने छ। सो को जानकारी स्थानीय अधिकारीलाई दिनेछ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभाए सम्मको अवस्थामा कार्यसमितिले गरेका कामकारवाहीहरु यसै विधान सरह भएको मानिने छ ।

**३४. हामी............निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भई निम्न साक्षको रोहवरमा विधानमा सहीछाप गर्दछौ :**

| सि.न. | संस्थापकको नाम, थर र ठेगाना | साक्षीको नाम, थर वतन र सहीछाप |
|---|---|---|
| १ | नाम लिलाराज केसी<br>पद अध्यक्ष<br>दस्तखत [signature]<br>मोबाइल नं.<br>ना.प्र.नं. | नाम<br>ठेगाना<br>दस्तखत<br>मोबाइल नं. |
| | नाम लोकराज भण्डारी<br>पद उपाध्यक्ष<br>दस्तखत [signature]<br>मोबाइल नं.<br>ना.प्र.नं. | नाम<br>ठेगाना<br>दस्तखत<br>मोबाइल नं. |
| | नाम पहल सिंबोगटी<br>पद महासचिव<br>दस्तखत [signature]<br>मोबाइल नं. ९८६०२४३२३५<br>ना.प्र.नं. ३६६३४ | नाम<br>ठेगाना<br>दस्तखत<br>मोबाइल नं. |
| | नाम ईश्वर ब. रावल<br>पद सचिव<br>दस्तखत [signature]<br>मोबाइल नं.<br>ना.प्र.नं. | नाम<br>ठेगाना<br>दस्तखत<br>मोबाइल नं. |
| | नाम ~~ममता बोहरा~~ | नाम |

[signatures]

३१९

| | | |
|---|---|---|
| | नाम ममता बोहरा<br>पद कोषाध्यक्ष<br>दस्तखत<br>मोबाइल नं.<br>ना.प्र.नं. | नाम<br>ठेगाना<br>दस्तखत<br>मोबाइल नं. |
| | नाम ललित कुमार के.सी.<br>पद सदस्य<br>दस्तखत<br>मोबाइल नं.<br>ना.प्र.नं. | नाम<br>ठेगाना<br>दस्तखत<br>मोबाइल नं. |
| | नाम एकिन्द्र बहादुर बोगटी<br>पद सदस्य<br>दस्तखत<br>मोबाइल नं. ९८४८६५२०५५<br>ना.प्र.नं. | नाम<br>ठेगाना<br>दस्तखत<br>मोबाइल नं. |
| | नाम तुलाराम बि.सी.<br>पद सदस्य<br>दस्तखत<br>मोबाइल नं.<br>ना.प्र.नं. | नाम<br>ठेगाना<br>दस्तखत<br>मोबाइल नं. |
| | नाम शेर बहादुर वली<br>पद सदस्य<br>दस्तखत<br>मोबाइल नं.<br>ना.प्र.नं. | नाम<br>ठेगाना<br>दस्तखत<br>मोबाइल नं. |
| | नाम छत्र बहादुर रावल<br>पद सदस्य<br>दस्तखत<br>मोबाइल नं.<br>ना.प्र.नं. | नाम<br>ठेगाना<br>दस्तखत<br>मोबाइल नं. |
| | नाम बाल कुमारी बोगटी<br>पद सदस्य<br>दस्तखत<br>मोबाइल नं.<br>ना.प्र.नं. | नाम<br>ठेगाना<br>दस्तखत<br>मोबाइल नं. |

## अनुसूचि-१

### विनियमको दफा ३ संग सम्बन्धित। संस्थाको लोगो

अछाम बहुमुखी क्याम्पस लोगोको Achham Multiple Campus Alumni Association(AMCAA) तल तिर उल्लेखित लोगो रहनेछ ।

सम्थाको चिन्ह / छाप

ACHHAM MULTIPLE CAMPUS
ALUMNI ASSOCIATION

अनुसूचि-२

सपथ

म........................... यस ........................समितिको साधारण सभावाट............ पदमा निर्वाचित भएकोमा आफ्नो कार्यकालको अवधिमा संस्थाको विधान नीति, नियम अनुसार संस्थाको हित र स्वार्थलाई सर्वोपरी मान व्यक्तिगत स्वार्थ हितलाई त्यागि संस्था प्रति मन, वचन र कर्मले आफ्नो पदीय जिम्मेवारी पुरा गर्नेछु।

................

सपथ गराउने

...............

सपथ लिने